आर्थिक वर्ष २०८३/०८४

नगर उप प्रमुख श्री लक्ष्मी कुमारी श्रेष्ठद्वारा प्रस्तुत

# बजेट बक्तब्य,२०८३/०८४

कर्जन्हा नगरपालिका, सिरहा

१० असाढ २०८३ (ने.स. ११४६ तछलाथ्य दशमी)

कृषि तथा पशुपंछी भवन, बस्तिपुर

Scanned with CamScanner

आज यस कर्जन्हा नगरभाको १७ औं अधिवेशनको उद्घाटन कार्यक्रमको अध्यक्षता ग्रहण गर्नुहुने नगरप्रमुख ज्यू, **मधेश प्रदेशको माननीय शिक्षा तथा संस्कृति मन्त्री ज्यू**, सम्पूर्ण नगरसभा सदस्यज्यूहरु, विभिन्न राजनैतिक दलका प्रतिनिधि ज्यूहरु,सम्पूर्ण कर्मचारीहरु, सामुदायिक विद्यालयका प्रधानाध्यापक ज्यू, सुरक्षाकर्मी, पत्रकार ज्यूहरु लागयत उपस्थित हुने भएका सम्पूर्ण नगरवासीज्यूहरु प्रति हार्दिक आभार एवम् धन्यवाद प्रकट गर्दछु ।

मुलुकको राजनीतिक, सामाजिक परिवर्तनका लागि विभिन्न समयमा आफ्नो अमूल्य जीवन बलिदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरू प्रति भावपूणि श्रद्धाञ्जली अर्पण गर्दछु ।

**नगर सभा अध्यक्ष एवंम् सभाका सदस्यज्यूहरु,**

हामी निर्वाचित भए पश्चातको पाँचौ आगामी आ.व. २०८३/०८४ को कार्यक्रम र बजेट प्रस्तुत गर्न उपस्थित भएको छु । नगर उपप्रमुखको हैसियतले यस बजेट पेश गर्न पाउँदा आफूलाई गौरवान्वित महशुस गरेको छु । हाम्रा विगतका समयमा पेश भएका बजेट तथा कार्यक्रमको सन्दर्भमा **"समावेशी, स्वच्छ, हरियाली र समृद्ध कर्जन्हाको आधारः कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन तथा दिगो पूर्वाधार"** निर्माणका निम्ति विभिन्न सल्लाह सुझाव, टिक्काटिप्पणी हामीलाई थप उर्जाशिल र जिम्मेवार बनाउँन प्रयत्न भएको छ । यसप्रति म सम्पूर्णमा आभारी छु । आम नगरबासीको सल्लाह सुझाव, हामीले जनतासंग गरेका बाँचा आम नागरिकले हामीलाई बेलाबेला दिनुभएको सुझाव सल्लाहलाई अमूल्य सम्पतिको रुपमा ग्रहण गर्दै नेपालको सविधान, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, नेपाल सरकारको नीति तथा कार्यक्रम, सौही आवधिक योजना, दिगो विकासको लक्ष्य, प्रदेश सरकारले तय गरेको नीति तथा कार्यक्रम, कर्जन्हा नगरपालिकाकोको नीति तथा कार्यक्रम, विषयगत समितिहरुको सुझाव, विभिन्न विषय विज्ञहरु राय सुझाव, राजनैतिक दल, संघ संस्था, र आम जनतका माग र आवश्यकतालाई केन्द्रमा राखी यो बजेट तथा कार्यक्रम तयारी गरेको छु ।

जनताको असिमित चाहना र आवश्यकता रहेको छ, त्यसमा हामी जानकार छौं, असिमित चाहना र नगरको सीमित स्रोत साधनालाई बुद्धिमत्तापूर्वक सन्तुलन मिलाई अधिकतम् जनताको चाहनालाई पूरा गर्ने प्रयत्न स्वरुप स्रोतको अधिकतम् परिचालन गरेको छु । जनताको सबै आवश्यकतालाई पूरा गर्न नसकेकोमा हामी आफैं दुःखि छौं तर हाम्रो इमान्दारिता र जनताप्रतिको निष्ठाले क्रमश ती आवश्यकता पूरा गर्ने बाँचा गर्दछु । समाजमा बेलाबेलामा प्रकट हुने नकारात्मक सोचको दोहन गरी निर्वाचित जनप्रतिनिधिहरु प्रति समाजमा अफ्वाह, अराजकता, अतिरंजना फैलाउँने पक्षलाई निस्तेज गर्दै हामी हजुरहरुको मुहारमा खुशी ल्याउँन संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहको समन्वयमा अथक प्रयास गरिरहेका छौं ।

हामी नगरवासीलाई निराश नहुन केही समय धैर्य गर्न आग्रह गर्दछौं । हामी सबैको आवश्यकता चाहना पूरा गर्न हामी दर्घचित भएर लागि परेका छौं, समृद्ध कर्जन्हा हाम्रो Mission रहेको छ ।

Scanned with CamScanner

**नगर सभा अध्यक्ष एवंम् सभाका सदस्यज्यूहरु,**

अव म चालु आ.व. २०८२/८३ मा कर्जन्हा नगरपालिकाको आर्थिक स्थितिको संक्षिप्त जानकारी गराउँछु

कुल विनियोजित बजेटः ५२,२५,१९,२७२।०० (बाबन्न करोड पच्चिस लाख उन्नाइस हजार दुई सय बहत्तर मात्र) मध्ये हालसम्म लक्ष्यको ८० प्रतिशत रकम प्राप्त भएको छ र आर्थिक वर्ष समाप्त हुन केही समय बाँकी रहेकाले लक्ष्य अनुसार उपलब्धि हासिल हुने तर्फ विश्वास लिएका छौं ।

कुल विनियोजित रकम मध्ये कुल ४३.०८ प्रतिशत हालसम्म खर्च भईसकेको र धेरै पुंजिगत योजना क्रियाशील तथा सम्पन्न भएकाले खर्च निकाशा वाँकी रहेको अवगत गराउँछु ।

**नगर सभा अध्यक्ष एवंम् सभाका सदस्यज्यूहरु,**

अव म आगामी आ.व. २०८३/८४ को कुल आयको अनुमानित विवरण पेश गर्न अनुमति चाहान्छुः

चालु आर्थिक वर्ष आ.व. २०८२/८३ को लागि विनियोजन बजेट कार्यान्वयनको चरणमा रहेकाले यस बर्षको मौज्दातलाई संशोधित बजेटमा पेश गर्नेछु। अन्य विभिन्न स्रोतबाट प्राप्त आयको प्रक्षेपण यस प्रकार रहेको छः

- संघीय सरकार समानिकरण अनुदान तर्फ - १० करोड २६ लाख
- संघीय सरकार शसर्त अनुदान तर्फ- २६ करोड ४६ लाख
- संघीय सरकार राजश्व बाँडफाँड तर्फ-१० करोड ७७ लाख ३ हजार
- प्रदेश सरकार समानिकरण अनुदान तर्फ - ७० लाख २१ हजार
- प्रदेश सरकार राजश्व बाँडफाँड तर्फ- ५८ लाख १२ हजार
- प्रदेश सरकार विशेष अनुदान तर्फ- ३० लाख
- प्रदेश सरकार समपुरक अनुदान तर्फ- २० लाख
- आन्तरिक स्रोत तर्फ- ५ करोड

**कुल अनुमानित आय** जम्मा रु ५४,२८,१६,०००/- (अक्षेरपी ५४ अरब २८ हजार १६ हजार ) रहेको छ

**र सभा अध्यक्ष एवंम् सभाका सदस्यज्यूहरु,**

अब म आगामी आ.व. २०८३/८४ को कुल व्ययको अनुमानित क्षेत्रगत प्राथमिकता देहाय बमोजिम निर्धारण गरेको छुः

- समाजिक विकास
- सुशासन तथा सस्थागत विकास
- पूर्वाधार विकास
- आर्थिक विकास
- बन तथा बातावरण विकास

कुल अनुमानित बजेट मध्ये तपसिलका क्षेत्रमा उल्लेखित रकम विनियोजन गरेको छुः

- आर्थिक विकास तर्फ कुल बिनियोजन बजेटको १० प्रतिशत
- समाजिक विकास तर्फ कुल बिनियोजन बजेटको ४० प्रतिशत
- पूर्वाधार विकास तर्फ कुल बिनियोजन बजेटको २३ प्रतिशत
- सुशासन तथा सस्थागत विकासतर्फ कुल बिनियोजन बजेटको २५ प्रतिशत
- बन तथा बातावरण विकासतर्फ बिनियोजन बजेटको २ प्रतिशत

**नगर सभा अध्यक्ष एवंम् सभाका सदस्यज्यूहरु,**

आन्तरिक आयलाई पूर्ति गर्नलाई निम्न देहायको व्यवस्था मिलाएको छुः

१. नगरपालिकामा हाल सम्म दर्ता नभई सञ्चालन भइरहेका उद्योग व्यवसायलाई पालिकामा शुरुवाती दर्ता गर्दा एक पटकका लगि पुरानो बक्यौता दस्तुर नलिई पौष मसान्तसम्म दर्ता गर्न आएमा १ आर्थिक वर्षको मात्र राजश्व लिई अन्य वर्षको छुट गरी व्यवसाय दर्ता गरिनेछ ।

२. नगरपालिकामा दर्ता भई विगत ३ वर्ष देखि बक्यौता बुझाउँन बाँकी रहेका व्यवसायीलाई आर्थिक महिनाको शुरुवाती ३ महिनाभित्र व्यवसाय नवीकरण गर्न आएमा दण्ड जरिवाना बापतको सम्पूर्ण रकम छुट दिने व्यवस्था मिलाएको छु ।

३.कर्जन्हा नगरपालिका तथा गणेशमान चारनाथ नगरपालिकाको संयुक्त क्षेत्राधिकार भित्र रहेको कमला नदीबाट संकलन हुने दहत्तरवहत्तर बापत राजश्व अधिकतम् संकलनका लागि समयमै ठेक्का आह्वान गर्ने व्यवस्था मिलाएको छु जसबाट लक्ष्य अनुसारको राजश्व संकलन हुने अपेक्षा गरेको छु ।

४. डिजिटल कर प्रशासनको माध्यमबाट, नागरिकमैत्री कर प्रशासनको विकास मार्फत घरमै बसी कर तिर्न सक्ने प्रणालीको विकास गरेको छु । जस्तै QR, mobile banking बाट समयमै कर तिर्ने बानीको विकास मार्फत समयमै राजश्व संकलन हुने अपेक्षा राखेको छु ।

Scanned with CamScanner

५. घर/जग्गा वहाल कर, वहाल बिटौरी कर, व्यवसाय कर,मालपोत करको संकलनलाई तिव्रता दिंदै नागरिकमैत्री कर प्रशासनलाई अवलम्बन गरेको छु । जस्तै कर सम्बन्धि सचेतना बढाउँने, कर्मचारी क्षमता अभिवृद्धि गर्ने कार्यलाई कार्यान्वयन गर्नेछु ।

६.सार्वजनिक आयको सम्पूर्ण विवरण सार्वजनिक पोर्टल(Website तथा Facebook) मार्फत दैनिक सार्वजनिक गरी पारदर्शीता र उत्तरदायी हुने प्रणालीको विकास गरिनेछ ।

७. असुल उपर हुने बेरुजुलाई कडाईका साथ असुल उपर गर्ने व्यवस्था मिलाएको छु ।

८. करका नयाँ नयाँ क्षेत्रहरुका पहिचान गरी कार्यपालिकाबाट कर निर्धारण गर्ने व्यवस्था मिलाएको छु ।

९. एक भन्दा बढी जिम्मेवारी बहन गर्ने शाखा प्रमुख वा वडा सचिवलाई कार्यप्रगति सूचकका आधारमा आधारभूत तलबको ५ प्रतिशत रकम प्रोत्साहन स्वरुप उपलब्ध गराई बढी जिम्मेवारी लिनुलाई अवसरको रुपमा हेर्ने सकारात्मक दृष्टिकोणको विकास मार्फत कर्मचारीलाई उत्प्रेरित गर्ने नीति लिइनेछ ।

**नगर सभा अध्यक्ष एवंम् सभाका सदस्यज्यूहरु,**

विनियोजन खर्चलाई व्यवस्थित तथा वैज्ञानिक प्रणालीको विकास गर्न निम्न व्यवस्था मिलाएको छुः

१. दरबन्दि अनुसारको कर्मचारीको व्यवस्थाका निम्ति आवश्यक पहल तथा समन्वयको प्रयत्न गरेको छु ।

२. संस्थागत क्षमता अभिवृद्धिका लागि कर्मचारीलाई आवश्यकताको आधारमा तालिम दिने व्यवस्था मिलाएको छु ।

३. प्रत्येक योजना/कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि कार्यतालिका बनाई आगामी आर्थिक वर्षको शुरु महिना श्रावण देखिनै योजना/कार्यक्रम संचालन हुने व्यवस्था मिलाएको छु ।

**नगर सभा अध्यक्ष एवंम् सभाका सदस्यज्यूहरु,**

अन्त्यमा, प्रस्तुत बजेट यथार्थ धरातलमा बसेर निर्माण गर्ने प्रयन्त गरेको छु । यस बजेटको कार्यान्वयनले पक्कै पनि नगरबासीको मुहारमा खुशी आउँने अपेक्षा गरेको छु । यस बजेट तर्जुमा गर्ने क्रममा मार्गदर्शन गर्नुहुने नगरप्रमुख ज्यू ,कार्यपालिका सदस्यज्यूहरु ,बजेट निर्माणको क्रममा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा रचनात्मक सुझाव दिनुहुने सभा सदस्यज्यूहरु, नगरवासी बुवा आमा, दाजु, भाई दिदि बहिनिहरु, राष्ट्रसेवक कर्मचारीहरु, राजनितिकर्मी, विभिन्न संघ संस्थाका प्रतिनिधि, सञ्चारकर्मीज्यूहरु लागयत सबैलाई हार्दिक धन्यवाद प्रकट गर्दछु । धन्यवाद !

......................................

लक्ष्मी कुमारी श्रेष्ठ<br>(नगर उप-प्रमुख)<br>कर्जन्हा नगरपालिका, सिरहा ।

Scanned with CamScanner